<u>विद्युत सेवामा मूल्य अभिवृद्धि कर असुल गर्ने निर्देशिका, २०८३</u>

अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर असुल गर्ने सम्वन्धी कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले यो निर्देशिका बनाएको छ।

परिच्छेद-१
<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "विद्युत सेवामा मूल्य अभिवृद्धि कर असुल गर्ने निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका सम्वत् २०८३ साल श्रावण १ देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अन्तिम उपभोक्ता" भन्नाले घरायसी प्रयोजनका लागि विद्युत शक्ति उपभोग गर्ने प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्छ।

(ग) “कर” भन्नाले ऐन बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर सम्झनु पर्छ।

परिच्छेद- २
<u>कर लगाउने आधार र दर सम्बन्धी व्यवस्था</u>

३. **<u>मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको व्यवस्था</u>** :

आर्थिक ऐन, २०८३ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा संशोधन गरी देहाय बमोजिमको व्यवस्था गरेको छ :-

<u>दफा ७</u>

<u>करको दर</u> : (१) यस ऐन बमोजिम लाग्ने करको दर तेह्र प्रतिशतको एकल दर हुनेछ।

(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) बमोजिमको करको दरमा नबढ्ने गरी बहुदर कायम गर्न र सो बमोजिम कर लाग्ने वस्तु तथा सेवा तोक्न सक्नेछ।

(१ख) उपदफा (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड सेयरिङ अपरेटर) बाट सञ्चालित प्लेटफर्ममा आवद्ध भई यातायात तथा ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई कारोबार गरेको बखत राइड

सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति र अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा पाँच प्रतिशतका दरले कर निर्धारण गरी असुल उपर गर्नु पर्नेछ।

(२) उपदफा (१) वा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - २ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा शून्य दरमा कर लाग्नेछ।

अनुसूची १ को छुट व्यवस्था :

विद्युत शक्तिको कारोबार गर्ने व्यवसायबाट विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई बिक्री गरिएको विद्युत शक्ति र घरायसी प्रयोजनको लागि उपभोग हुने प्रति ग्राहक मासिक ५० युनिट सम्मको विद्युत शक्ति।"

उल्लिखित व्यवस्थाहरुका आधारमा विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले देहायको विषयमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ :-

(क) विद्युत सेवाको कर लाग्ने कारोबार रकममा कर असुल गरी दाखिला गर्नु पर्नेछ।

(ख) अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) बमोजिम कर लाग्ने मूल्यमा पाँच प्रतिशतका दरले कर निर्धारण गरी असुल उपर गर्नु पर्नेछ। तर विद्युत शक्तिको कारोबार गर्ने व्यवसायबाट विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई विक्री गरिएको विद्युत शक्ति र घरायसी प्रयोजनको लागि उपभोग हुने प्रति ग्राहक मासिक ५० युनिटसम्मको विद्युत शक्तिमा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने छैन।

३.१ **अन्तिम उपभोक्ता/घरायसी उपभोक्तालाई ५० युनिटसम्मको छुट** : सर्वसाधारण नागरिक वा घरायसी ग्राहकलाई राहत दिनका लागि मासिक ५० (पचास) युनिटसम्मको विद्युत उपभोगमा मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिइएको छ । तर, ५० युनिट कट्ने बित्तिकै कर लाग्छ र घरायसी प्रयोजनको लागि प्राकृतिक व्यक्तिले उपभोग गर्ने बाहेक अन्यले ५० युनिट छुट पाउने छैन र खपत भएको सम्पूर्ण युनिटको जम्मा मूल्यमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्छ। तर विद्युत शक्तिको कारोबार गर्ने एक व्यवसायले अर्को विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई विद्युत बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन। यस अवस्थालाई तलका उदाहरणहरूबाट प्रष्ट गरिएको छः-

उदाहरण १:

मानौ, रामको घरमा २०८३ साउन महिनामा जम्मा ४५ युनिट विद्युत खपत भएको रहेछ। नेपाल विद्युत प्राधिकरणको घरायसी ग्राहकको महसुल दर अनुसार रामको घरको २०८३ साउन

महिनाको विद्युत महसुल रु. ३५० आयो। यस्तो अवस्थामा ५० युनिटसम्ममा मूल्य अभिवृद्धि कर छुट हुने भएकाले रामले मूल्य अभिवृद्धि कर तिर्नु पर्दैन। त्यसैले रामले विद्युत खपत बापत तिर्नुपर्ने जम्मा रकमः रु. ३५० मात्र हुन्छ।

उदाहरण २:

मानौं, श्यामको घरमा २०८३ भाद्र महिनामा ६० युनिट विद्युत खपत भएको रहेछ। नेपाल विद्युत प्राधिकरणको घरायसी ग्राहकको महसुल दर अनुसार श्यामको घरको २०८३ भाद्र महिनाको विद्युत महसुल ५० युनिट सम्मको रु. ४०० र १० युनिटको रु.८० महशुल रहेछ। यस्तो अवस्थामा ५० युनिटसम्ममा मूल्य अभिवृद्धि कर छुट हुने भएकाले रु.४०० सम्मको विद्युत महशुलमा श्यामले मूल्य अभिवृद्धि कर तिर्नु पर्दैन र ५० युनिट भन्दा माथिको विद्युत महशुल रु.८० मा ५ प्रतिशतले मूल्य अभिवृद्धि कर रु.४ समेत जम्मा ४८४ रुपैयाँ बराबरको बीजक नेपाल विद्युत प्राधिकरणले श्यामको नाममा जारी गर्छ। त्यसैले श्यामले मूल्य अभिवृद्धि करसहित जम्मा तिर्नुपर्ने रकम रु.४८४ रुपैयाँ मात्र हुन्छ।

उदाहरण ३:

मानौं, नेपाल विद्युत प्राधिकरणले एउटा जिल्ला प्रशासन कार्यालयलाई विद्युत सेवा जडान गरिदिएको रहेछ र २०८३ असोज महिनामा जम्मा १०० युनिट विद्युत खपत भएको रहेछ र मूल्य अभिवृद्धि कर बाहेक जम्मा महसुल रु.८००।- आयो। जिल्ला प्रशासन कार्यालयले खपत तथा उपयोग गर्ने विद्युत घरायसी उपभोग नरहेको एवं सो विद्युत मार्फत अन्य सेवा प्रदान गर्ने कार्य हुनाले सो निकाय अन्तिम उपभोक्ता समेत नरहने हुन्छ। यस्तो अवस्थामा ५० युनिटसम्ममा मूल्य अभिवृद्धि कर छुट नहुने भएकाले विद्युत महशुल रु.८०० मा १३ प्रतिशतले मूल्य अभिवृद्धि कर रु.१०४ समेत जम्मा रु.९०४ रुपैयाँ बराबरको बीजक नेपाल विद्युत प्राधिकरणले जिल्ला प्रशासन कार्यालयको नाममा जारी गर्छ। त्यसैले जिल्ला प्रशासन कार्यालयले मूल्य अभिवृद्धि करसहित जम्मा तिर्नुपर्ने रकम रु. ९०४ रुपैयाँ मात्र हुन्छ।

३.२. **व्यवसाय-देखि-व्यवसाय बिक्री (मूल्य अभिवृद्धि कर छुट हुने अवस्था -B2B)** : विद्युत शक्तिको कारोबार गर्ने एक व्यवसायले अर्को विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई विद्युत बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन।

उदाहरण-४:

मानौं, एउटा विद्युत उत्पादकले उत्पादन गरेको विद्युत नेपाल विद्युत प्राधिकरणलाई कुल मूल्य रु. ५०,००,००० (पचास लाख) मा बिक्री गरेको रहेछ। यस्तो अवस्थामा यहाँ खरिद गर्ने (प्राधिकरण) र बिक्री गर्ने (विद्युत उत्पादक) दुवै विद्युत शक्तिकै कारोबारमै संलग्न छन्। त्यसैले, रु. ५०,००,००० मा मूल्य अभिवृद्धि कर लाग्ने छैन र प्राधिकरणले विद्युत उत्पादकलाई कुल मूल्य रु. ५०,००,००० (पचास लाख) मात्र भुक्तानी गर्नु पर्छ।

३.३. **<u>सामुदायिक वा लघु जलविद्युतले नेपाल विद्युत प्राधिकरण (NEA) लाई बिक्री गर्दाको अवस्था</u>** : कुनै पनि विद्युत बिक्री गर्ने संस्था सामुदायिक वा लघु जलविद्युत व्यवसाय हो र खरिद गर्ने संस्था नेपाल विद्युत प्राधिकरण पनि व्यवसाय नै हो। दुवै निकाय विद्युत शक्तिको कारोबार गर्ने व्यवसाय हुन्। विद्युत शक्तिको कारोबार गर्ने व्यवसायबाट विद्युत शक्तिकै कारोबार गर्ने व्यवसायलाई बिक्री गरिएको विद्युत शक्तिमा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने छैन। त्यसैले **सामुदायिक वा लघु जलविद्युतले नेपाल विद्युत प्राधिकरण (NEA) लाई बिक्री गर्दाको** कारोबारमा पूर्ण रूपमा कर छुट (VAT Exempt) हुन्छ।

उदाहरण ५:

मानौ, मुस्ताङको एउटा स्थानीय सामुदायिक लघु जलविद्युत आयोजनाले आफ्नो गाउँमा स्थानीय समुदायलाई **५० युनिट सम्मको अन्तिम/घरायसी उपभोक्तालाई रु.२५००००० को बिक्री गरेको रहेछ र ५० युनिट माथिको अन्तिम/घरायसी उपभोक्तालाई** रु. २०,००,००० को बिक्री गरेको रहेछ। स्थानीय समुदायलाई बिक्री गरेर बाँकी रहेको विद्युत शक्तिलाई नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइनमा जोड्यो र प्राधिकरणलाई बिक्री गरे बापत विद्युत शक्तिको मूल्य अभिवृद्धि कर बाहेक कुल मूल्य रु. १०००००००।०० कायम भयो। यस्तो अवस्थामा लघु जलविद्युत आयोजनाले **५० युनिट सम्मको अन्तिम/घरायसी उपभोक्तालाई बिक्री गरेको रकममा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्दैन। तर ५० युनिट माथिको अन्तिम/घरायसी उपभोक्तालाई बिक्री गरेको** रु. २०,००,००० मा ५ प्रतिशतका दरले रु.१०००००।०० मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने हुन्छ। अर्को तर्फ विद्युत शक्तिको बिक्री गर्ने लघु जलविद्युत (विद्युत व्यवसाय) र खरिद गर्ने विद्युत प्राधिकरण (विद्युत व्यवसाय) बीचको कारोबार व्यवसायबाट व्यवसाय (B2B) सँग कारोबार भएकोले मूल्य अभिवृद्धि कर लाग्दैन। त्यसैले प्राधिकरणले मुस्ताङ लघु जलविद्युत आयोजनालाई मूल्य अभिवृद्धि कर बाहेक भुक्तानी गर्ने कुल रकम रु. १०००००००।०० मात्र हुन्छ।

परिच्छेद - ३
<u>दर्ता सम्बन्धी व्यवस्था</u>

४. **<u>मूल्य अभिवृद्धि करमा दर्ता गर्ने सम्बन्धमा</u>** : (१) नेपालमा विगत बाह्र महिनामा तीस लाख रूपैयाँभन्दा बढी कर लाग्ने विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले दर्ता भई मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ। तर एकपटक कारोबारको सीमा नाघी मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले जतिसुकै रकमको कारोबार गरेको भए तापनि मूल्य अभिवृद्धि कर असुल गर्नु पर्नेछ।

(२) विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले खण्ड (क) बमोजिम कर असुल गर्नु पर्ने दायित्व सिर्जना भएको मितिले तीस दिनभित्र दर्ताको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-१ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(क) निवेदन प्राप्त भएको मितिले सात दिनभित्र कार्यालयले दर्ता गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र जारी गर्नेछ। कुनै कारणले दर्ता हुन नसकेमा कारण सहित जानकारी गराउनेछ।

परिच्छेद-४

बीजक जारी तथा कर कट्टी सम्बन्धी व्यवस्था

५. **बीजक जारी गर्ने सम्बन्धी व्यवस्था** : (१) मूल्य अभिवृद्धि करमा दर्ता भएको विद्युत शक्तिको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिमको कारोवारमा सोहि ऐनको दफा १४ बमोजिम कर बीजक जारी गर्नुपर्नेछ।

(२) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएको विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले विद्युतीय माध्यमबाट कर बीजक जारी गर्न सक्नेछ। विक्रेताले आफ्नो नाम र स्थायी लेखा नम्बर, क्रेताको नाम र स्थायी लेखा नम्बर (उपलब्ध भएसम्म), मिति, सेवाको विवरण र मूल्य उल्लेख भए बमोजिमको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ बमोजिमको ढाँचामा बीजक जारी गर्न सक्नेछ। विद्युतीय माध्यमबाट कर बीजक जारी गर्नका लागि विभागबाट स्वीकृति लिनु पर्ने छ।

६. **कर कट्टी सम्बन्धी व्यवस्था** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ मा कर कट्टी सम्बन्धी व्यवस्था रहेको छ।

उदाहरण ६:

मानौं, एक उत्पादनमूलक कपडा उद्योग (VAT मा दर्ता भएको) ले आफ्नो कारखाना सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरणबाट विद्युत जडान गरेको रहेछ। २०८३ कार्तिक महिनामा जम्मा ५०० युनिट विद्युत खपत भएको रहेछ। विद्युत प्राधिकरणको महसुल दर अनुसार उक्त उद्योगको २०८३ कार्तिक महिनाको विद्युत महसुल मूल्य अभिवृद्धि कर बाहेक रु. ४०००।०० आयो। यस्तो अवस्थामा उक्त उद्योग घरयासी अन्तिम उपभोक्ता नभएकाले ५० युनिटसम्ममा मूल्य अभिवृद्धि कर छुट हुदैन त्यसैले उक्त उद्योगले रु. ४०००।०० को १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.५२० समेत जम्मा रकमः रु. ४५२०।०० मात्र हुन्छ। उक्त कपडा उद्योगले उत्पादन गरेको कपडा बिक्री गर्दा ग्राहकबाट उठाएको बाट विद्युत महसुलमा तिरेको मूल्य अभिवृद्धि कर रु.५२० **कर कट्टी** गर्न पाउँछ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (अठ्ठाइसौ संशोधन, २०८३) ले नियम ४१ कर कट्टी गर्न नपाइने वस्तु वा सेवाहरूमा संशोधन गरी अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले खरिद गरेका वस्तु तथा सेवा कर कट्टी गर्न नपाइने व्यवस्था गरेको छ।

नियम ४१ कर कट्टी गर्न नपाइने वस्तु वा सेवाहरूः (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरूको हकमा कर कट्टी गर्न पाइने छैनः-

(क) पेय पदार्थ,

(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, बियर,

(ग) सवारी साधनको लागि पेट्रोल,

(घ) मनोरञ्जन खर्च,

(ङ) अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले खरिद गरेका वस्तु तथा सेवा।

६.१ **<u>समानुपातिक कर कट्टी</u>** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ को उपनियम (१) खण्ड (ङ) बमोजिम अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले खरिद गरेका वस्तु तथा सेवामा तिरेको मूल्य अभिवृद्धि कर कट्टी नपाउने गरी व्यवस्था गरेको छ। विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले कर कट्टी दावि गर्दा अन्तिम उपभोक्तालाई विद्युत वितरण गर्ने प्रयोजनका लागि खरिद गरिएका वस्तु तथा सेवामा तिरिएको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाइँदैन। विद्युत शक्तिको कारोबार गर्ने व्यक्तिले विद्युत शक्तिकै व्यवसाय गर्ने अर्को व्यक्तिलाई बिक्री गर्दा कर छुट हुन्छ। अन्तिम उपभोक्तालाई बिक्री गर्दा मासिक ५० युनिटसम्म कर छुट हुने र सो भन्दा बढीको विद्युत शक्तिको उपभोगमा पाँच प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने हुन्छ। अर्को तर्फ विद्युत शक्तिको कारोबार गर्ने व्यक्तिले अन्तिम उपभोक्ता बाहेकलाई विद्युत शक्ति बिक्री गर्दा कर छुट हुँदैन १३ प्रतिशतले मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने हुन्छ। तसर्थ, विद्युत शक्तिको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन, २०५२ **दफा १७,** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ३९ र ४१** को समेतका व्यवस्थाहरुको अधिनमा रही **समानुपातिक कर कट्टी** विधिका आधारमा मूल्य अभिवृद्धि कर कट्टी दावि गर्नु पर्ने हुन्छ। यसलाई तलको उदाहरणबाट प्रष्ट हुन्छः

उदाहरण ७:

मानौं, एबिसी पावर लिमिटेडको २०८३ मंसिर महिनाको कुल विद्युत बिक्री र सो महिना भएका खरिदहरू यस प्रकार छन्:

१. कुल मासिक बिक्री विवरणः

- **नेपाल विद्युत प्राधिकरणलाई बिक्री (कर छुट)ः** रु. ४,००,००,००० → VAT = रु. ०
- **अन्तिम** उपभोक्ता बाहेकलाई **बिक्री (१३% दर)ः** रु. ४,००,००,००० → VAT = रु. ५२,००,०००

- **५० युनिट सम्मको अन्तिम/घरायसी उपभोक्तालाई बिक्री (कर छुट):** रु. १,००,००,००० → VAT = रु.०
- **५० युनिट माथिको अन्तिम/घरायसी उपभोक्तालाई बिक्री (५% दर):** रु. १,००,००,००० → VAT = रु. ५,००,०००
- **कुल बिक्री: रु. १०,००,००,०००**

२. सोही महिना भएको खरिद र तिरेको कर विवरण:

- **खरिद १ (प्रत्यक्ष कट्टी हुने):** अन्तिम उपभोक्ता बाहेकलाई वितरण गर्दा खरिदमा तिरेको VAT = **रु. २०,००,०००**
- **खरिद २ (नियम ४१(ङ) अनुसार कट्टी नहुने):** केवल घरायसी उपभोक्तालाई विद्युत सेवा प्रदान गर्नका लागि मात्र खरिद गरिएका सामानमा तिरेको मूल्य अभिवृद्धि कर = **रु. ५,००,०००**
- **खरिद ३ (साझा खर्च - समानुपातिक कट्टी गर्नुपर्ने):** केन्द्रीय कार्यालयको भवन मर्मत, प्रशासनिक स्टेशनरी, र साझा सफ्टवेयर खरिदमा तिरेको कुल मूल्य अभिवृद्धि कर = **रु. १५,००,०००**

६.२ <u>कर कट्टी गर्ने र समानुपातिक कट्टी निकाल्ने विधि</u> : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ र ४१ को व्यवस्था अनुसार एबिसी पावर लिमिटेडले आफ्नो खरिद तर्फको मूल्य अभिवृद्धि करलाई तीन भागमा वर्गीकरण गर्नुपर्छ:

१. कर कट्टी दाबी:

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ३९ को उपनियम (१) को खण्ड (क) अनुसार:** जुन खरिद करयोग्य व्यवसायसँग **(१३% मू.अ.कर लाग्ने)** प्रत्यक्ष रूपमा सम्बन्धित छ, त्यसको पूर्ण कट्टी पाइन्छ।

- **पूर्ण कट्टी हुने रकम (**अन्तिम उपभोक्ता बाहेकलाई वितरण गर्दा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर)**= रु. २०,००,०००**

२. कर कट्टी नपाउनेः-

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ४१ को उपनियम (१) को खण्ड (ङ) अनुसार** अन्तिम उपभोक्तालाई विद्युत सेवा दिने प्रयोजनका लागि मात्र खरिद गरिएका वस्तु/सेवाको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाइँदैन।

- घरायसी उपभोक्तालाई सेवा प्रदान गर्नका लागि मात्र ल्याइएका सामानमा तिरिएको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ४१ को उपनियम (१) को खण्ड (ङ) अनुसार** कट्टी नपाउने हुन्छ। तर कुनै यस्तो व्यक्तिले कुनै वस्तु विक्री गर्दा मू.अ.कर संकलन गर्नु पर्ने अवस्थामा सो वस्तु खरिद गर्दा तिरेको सम्पूर्ण कर क्रेडिट दावी गर्न पाउनेछ।
- **कट्टी गर्न नपाइने** मूल्य अभिवृद्धि कर **रकम = रु. ५,००,०००** *(कर कट्टी नगरी सिधै खर्च वा लागतमा समावेश गर्नुपर्ने)*

३. समानुपातिक कर कट्टी गणनाः-

मूल्य अभिवृद्धि कर ऐन**, २०५२ को दफा १७ को उपदफा (३) को व्यवस्था र** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ३९ मा भएको व्यवस्था अनुसार** जुन खर्च कुन विधामा कति प्रयोग भयो भनेर प्रत्यक्ष छुट्याउन सकिँदैन (जस्तैः केन्द्रीय कार्यालयको खर्च), त्यस्ता साझा खर्चको मूल्य अभिवृद्धि कर लाई **करयोग्य बिक्री र कुल बिक्रीको अनुपात**का आधारमा समानुपातिक कट्टी गर्नु पर्ने हुन्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को **नियम ४१ को उपनियम (१) को खण्ड (ङ) अनुसार** अन्तिम उपभोक्ता / घरायसी तर्फको हिस्सालाई कट्टी गर्न पाइदैन। तसर्थ, कट्टी गर्न पाइने अनुपात यसरी निकालिन्छः

$$\text{कट्टी गर्न पाइने अनुपात} = \frac{\text{करयोग्य बिक्री}}{\text{कुल बिक्री}} \times १००\%$$

$$= \frac{४००००००००}{१०००००००००} \times १००$$

$$= ४०\%$$

यसको अर्थ, एबिसी पावर लिमिटेडले साझा खर्चमा तिरेको मूल्य अभिवृद्धि करको ४० **प्रतिशत** मात्र कट्टी गर्न पाउँछ, बाँकी ६० प्रतिशत (**नेपाल विद्युत प्राधिकरणलाई बिक्रीगर्दाको कर छुट र** अन्तिम उपभोक्ताको हिस्सा) कट्टी गर्न पाउँदैन।

- **साझा खर्चको कट्टी गर्न पाइने रकम (४०%)**: रु.१५०००००x४०%= **रु. ६,००,०००**

- **साझा खर्चको कट्टी गर्न नपाइने रकम (६०%)**: रु.१५०००००x६०% = **रु. ९,००,०००** (यस्तो रकमलाई व्यवसायले वस्तु वा सेवा खरिदको लागत मूल्यमा नै समावेश गर्नुपर्दछ।

माथि उल्लिखित विवरणको आधारमा एबिसी पावर लिमिटेडले २०८३ मंसिरको कर विवरण पेश गर्न मूल्य अभिवृद्धि करको सारांश हिसाब यस प्रकार हुन आउछः

विवरण	**मूल्य अभिवृद्धि कर (रु.)**
अन्तिम उपभोक्ता बाहेकलाई **बिक्री (१३%)**	५२,००,०००
५० युनिट माथिको अन्तिम/घरायसी उपभोक्तालाई बिक्री (५% दर)	५,००,०००
(क) जम्मा बिक्रीमा उठाएको कर रकम	५७,००,०००
कुल कट्टी गर्न पाइने कर	
-**प्रत्यक्ष कट्टी हुने (**अन्तिम उपभोक्ता बाहेकलाई वितरण गर्दा खरिदमा तिरेको VAT)	२०,००,०००
-समानुपातिक कट्टी (साझा खर्चको ४०%)	६,००,०००
(ख) जम्मा कट्टी दाबी रकम	२६,००,०००
एबिसी पावर लिमिटेडको २०८३ मंसिर महिनाको कर विवरण अनुसार **भुक्तानी गर्नुपर्ने खुद कर ((क) - (ख))**:	३१,००,०००

मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले विद्युत महशुलमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी पाउदैन तर सो रकमलाई आयकर तर्फ खर्चकट्टी लिन पाउँछ। नेपालस्थित विद्युतको कारोबार गर्ने व्यक्तिले विद्युतकै कारोबार गर्ने गैर बासिन्दा व्यक्तिलाई विद्युत सेवा निर्यात गरेमा त्यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर लाग्दैन। तर घरायसी उपभोग गर्ने उपभोक्ता (अन्तिम उपभोक्ता) लाई निर्यात विक्री गरेमा मूल्य अभिवृद्धि कर शुन्यदरमा लाग्छ, तथापि यस्तो सेवा उत्पादनमा लागेको/खरिदमा तिरेको करकट्टी फिर्ता हुँदैन। त्यसै गरी अन्तिम उपभोक्ता बाहेकका विद्युतीय सेवाको कारोबार नगर्ने व्यक्तिलाई यस्तो सेवा निर्यात गरेमा शुन्य दरमा नै बीजक जारी गर्नु पर्दछ एवं सो सेवा उत्पादन गर्दा लागेको मूल्य अभिवृद्धि कर कट्टी दावी गर्न पाईने हुँदा मिलान वा कर फिर्ता दावी गर्न पाईन्छ।

परिच्छेद-५
विविध

७. **विवरण दाखिला गर्ने सम्बन्धमा** : (१) विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले ऐनको दफा १८ बमोजिमको कर विवरण कर अवधि समाप्त भएको महिनाको अर्को महिनाको पच्चीस गते भित्र आन्तरिक राजस्व विभागले तोकेको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(२) विद्युत सेवाको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ बमोजिम प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्नेछ।

८. **विविध** : (१) यस निर्देशिकामा लेखिएका विषयहरु सम्बन्धित ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(२) यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ आएमा अर्थ मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउन वा यस निर्देशिकाको व्याख्या गर्न सक्नेछ।